दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

कोरोना भाईरस (COVID-19) प्रयोगशाला परिक्षणको नतिजा सम्बन्धमा

मिति २०७७/२/७ गते यस नगरपालिकाको आयोजनामा नगरपालिकाका स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारी, मनमोहन स्मृति सामुदायिक अस्पतालमा कार्यरत कर्मचारी र अन्य जोखिममा रहेका व्यक्तिहरुको कोरोना भाईरस **(COVID-19)** को RDT र PCR को परिक्षण गर्दा केहि व्यक्तिहरुको नतिजामा **RDT POSITIVE** देखीन आएको र थप अन्य व्यक्तिको समेत गरि १९० जनाको PCR/VTM सङ्कलन गरि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा परिक्षण गर्न पठाईएकोमा मिति २०७७/०२/११ गतेको साझँसम्म प्राप्त नतिजामा सम्पुर्ण व्यक्तिहरुको PCR/VTM को नतिजा नेगेटिभ आएको व्यहोरा सम्पुर्ण नगरबासीहरुमा जानकारी गराईन्छ ।

PCR को नतिजा प्राप्त नहुँदासम्मका लागी नगरपालिकाको कार्यालय, वडा कार्यालय, शेषनारायण स्वास्थ्य चौकी र मनमोहन स्मृति सामुदायिक अस्पतालको सेवा प्रवाह बन्द गरिएकोमा नगरबासिहरुको स्वास्थ्यलाई मध्य नजर गर्दै तत्कालाई "आफु पनि बचौं र अरुलाई पनि बचाउ" भन्दै नगरपालिकाले गरेको निर्णयलाई साथ दिनुभएकोमा सम्पूर्ण नगरबासीहरुमा धन्यवाद व्यक्त गर्दछौं । **PCR/VTM** को नतिजा नेगेटिभ आएको तर विश्वव्यपी महामारिको रुपमा लिईएको र यस नगरपालिका समेत कोरोना भाईरस (COVID - 19) को उच्च जोखिममा रहेको हुदाँ दक्षिणकाली नगरबासीहरु हालसम्म सुरक्षित रहन सफल हुनु भएको र आगामी दिनहरुमा पनि एक आपसमा सामाजिक दुरी कायम गरी सुरक्षित रहन हार्दिक अनुरोध गरिन्छ ।

नोबल कोरोना रोकथाम तथा नियन्त्रण नगर स्तरिय समन्वय समितिको मिति २०७७/२/८ को निर्णयबाट यस नगरपालिका, वडा कार्यालय, शेषनारायण स्वास्थ्य चौकी र मनमोहन स्मृति सामुदायिक अस्पतालबाट प्रवाह हुदैं आएको सेवा बन्द भएकोमा उच्च सतर्कताका साथ नगरपालिका तथा वडा कार्यालयबाट अति आवश्यकिय सेवाहरु प्रवाह हुने र शेषनारायण स्वास्थ्य चौकी एवं मनमोहन स्मृती सामुदायिक अस्पतालबाट प्रवाह हुदैं आएका नियमित सेवाहरु पुनः सञ्चालनमा आउने व्यहोरा समेत सम्पूर्ण नगरबासीहरुमा जानकारी गराईन्छ ।

२०७७।२।१२

(मोहन बस्नेत)
नगर प्रमुख